# “लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७”

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैंगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्दार गर्न, औषधी उपचार गर्न वा पूर्नस्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल,सहज एवम् प्रभावकारी बनाउनका लागि लैंगिक हिंसा निवारण कोष ( सञ्चालन) नियमावली २०६७ को दोस्रो संसोधन २०७६ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि ससर्त अनुदान खर्च सम्बन्धी मापदण्ड २०७६ को अधिन एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पाखीबास नगर कार्यपालिकाको मिति २०७७/०९/०७ को निर्णयानुसार “लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७” पारीत गरी लागु गरीएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम पाखीबास नगरपालिकाको “लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७” रहने छ ।

(ख) यो कार्यविधि  पाखीवास नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “ नगरपालिका ”भन्नाले पाखीबास नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) “कार्यालय ”भन्नाले पाखीबास नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) “कोष ”भन्नाले दफा (३) बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(घ) “पीडित ” भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(ङ) “घरेलु हिंसा ” भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिले दिएको शारीरिक,मानसिक,यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(च) “लैंगिक हिंसा” भन्नाले सार्वजनिक वा नीजि जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक,मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनैपनि प्रकारको अपमानजन्य,पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाब,करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

(छ) “कोष सञ्चालक समिति ” भन्नाले कार्यविधिको दफा (७) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३. कोषको स्थापना :**

१) लैंगिक हिंसा पीडित र प्रभावितहरुको तत्काल उद्दार गर्न, राहत र पूनः स्थापना गर्ने काम समेतका लागि पाखीबास नगरपालिकाले एक हिंसा निवारण कोष खडा गर्ने छ ।

२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ :

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

ख) पाखीबास नगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम,

ग) विभिन्न संघ सस्था वा व्यक्तिहरुबाट सहयोग स्वरुप प्राप्त रकम ,

घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम

४. कोषमा रकम जम्मा गर्ने :

पाखीबास नगरपालिकाले प्रत्येक बार्षिक बजेटमा रकम व्यवस्था गरी कोषमा रकम जम्मा गर्नुपर्नेछ ।

५. कोषको उपयोग :

१) कोषको रकम देहाय बमोजिमको कामको लागि उपलब्ध गराउन प्रयोग गरिनेछ :-

क) पीडितलाई तत्काल उद्दार गर्न,

ख) पीडितलाई औषधोपचार गर्न,

ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

ङ) पीडितलाई कानुनी सहायता,मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

च) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्नु,

छ). पीडित र प्रभावितका लागि पुनःस्थापना गराउन,

ज) अल्पकालीन महिला सुरक्षा सेवाकेन्द्र सञ्चालनका लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता औचित्यताको आधारमा सेवा केन्द्र सञ्चालनका लागि रकम प्रदान गर्न र

झ) पीडितको लागि कोष सञ्चालक समितिले तोकेबमोजिम अन्य काम गर्ने,

२) उपनियम(१)मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिहरुलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

कोषको रकम दफा (५) बमोजिम बाहेक खन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**७. कोष सञ्चालक समिति गठन :**

१) कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि एक कोष सञ्चालक समिति रहनेछ ।

२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (ङ) महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख | -सदस्य-सचिव |

**८. समितिको काम,कर्तव्य र अधिकार :**

समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैंगिक हिंसा पीडित तथा प्रभावितको उद्दार गर्ने,पुन :स्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने

ख) लैंगिक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने वा वास्तविक पीडित तथा प्रभावितलाई आर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने,

झ) लैंगिक हिंसा पीडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने

**९. समितिको बैठक र निर्णय** :

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

ख) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ,

ग)समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ,

घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थिति सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,

ङ) समितिको बैठकमा महुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ,

च) समितिको आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ,

ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

**१०. कार्यालयलाई रकम उपलब्ध गराउने :** पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकासा दिनेछ ।

।

**११. तत्काल उद्धार तथा राहत समितिको गठन** : (१) पीडितलाई आर्थिक सहयोग उपलब्ध गराउनका लागि प्रत्येक पालिकामा /पाख्रीबास नगरपालिकामा एक तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

क) नगर उप-प्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको ब्यक्ति - सदस्य

ग) शिक्षा शाखा प्रमुख/प्रतिनिधि - सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख/प्रतिनिधि -सदस्य

ङ) ईलाका प्रहरी कार्यालय/ प्रहरी चौकिको प्रमुख वा प्रतिनिधि -सदस्य

च) महिला विकास सहकारी संस्थाहरुमध्येबाट एकजना -सदस्य

छ) महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख -सदस्य-सचिव

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

**१२. राहत समितिको काम, कर्तव्य र अधिकार :** राहत समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) पिडितलाई तत्काल आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ,

(ग) जिल्ला तथा स्थानीय स्तरमा लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरुबीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनका लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१३. **राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड :**

१)पाखीबास नगरपालिकाले कोष सञ्चालक समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

२) कोष सञ्चालक समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहायको रकमको हद र आधार लिनुपर्दछ ।

क) पीडितलाई तत्काल उद्दार,औषधी उपचार,पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएका कोष सञ्चालन समितिले निर्णय गरी बीस हजार रुपैया नबढ्ने गरी मनासिव रकम,

ख) हिंसा पीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति वा औचित्यताका आधारमा प्रति व्यक्ति बढीमा बीस हजार रुपैया,

ग) पीडितलाई कानुनी सहायता,मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) पीडितलाई तत्काल उद्दार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन बाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत प्रतिदिन तीन सय रुपैया र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले लागेको यथार्थ खर्च रकम,

ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्नेभएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम,खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ,अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपर्ने भएमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

च) कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति,आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

**१४. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा कार्यविधिको दफा (७) बमोजिम कोष सञ्चालक समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

३) उपदफा (२)मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिब आधार देखिएमा दफा (७) बमोजिम कोष सञ्चालन समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**१५. समितिको प्रशासनिक खर्च :**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको १० प्रतिशत भन्दा बढी हुने छैन ।

**१६. खाता सञ्चालन :**

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै सरकारी बैंकमा खाता खोली जम्मा गर्नु पर्दछ ।

ख)  उपदफा (क) बमोजिम खाता सञ्चालन आर्थिक प्रशासन शाखा प्रमुख र महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१७. कोषको लेखा र लेखापरिक्षण :**

कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१८. कोषको रकम फ्रिज नहुने :**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१९. प्रतिवेदन पेश गर्ने :**

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगर कार्यपालिकामा पेश गर्नु पर्दछ ।

२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन नगर कार्यपालिकाले सार्वजनिक गर्नेछ ।

**२०. बैठक भत्ता :**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत कार्यालयले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् । वैठकको आवस्यकता अनुसार आमन्त्रित लाई समेत समिति सरह  बैठक भत्ता पाउनेछन् ।

**२१. कोषको सचिवालय :** कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**२२. अभिलेख राख्ने :** समितिले आफूले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२३. निर्देशन दिन सक्ने :**

क) नगर कार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख)उपदफा (क) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२४.अधिकार प्रत्यायोजन :**

समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक,सदस्य वा नगर कार्यपालिकाले तोकेको कुनै  कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२५. कोष खारेज हुन सक्ने :**

क) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा कोष संचालक समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयबाट औचित्यको आधारमा कोष खारेज गर्न सक्नेछ ।

ख)उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।